"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७४/०७८

चलानी नं. : २४६०

मिति : २०७५/०३/०१

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेशी, काभ्रेपलाञ्चोक प्रदेश नं ३, नेपाल

## सुचना ! सुचना !! सुचना !!!

**विषय : इटाभट्टा नवीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगपालिका क्षेत्रमा संचालित इटाभट्टाहरुको विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७५/०२/२० को प्राप्त पत्रबाट वातावरणीय मापदण्ड पुरा नगरेका इटा उद्योगहरुको नविकरण नगर्न भनी लेखि आएको र हाल संचालनमा रहेका इटाभट्टाहरुको मिति २०७४/१२/१२ मा गरिएको अनुगमनबाट वातावरण सम्बन्धी पालना गर्नुपर्ने मापदण्डहरु कुनै पनि इटाभट्टाहरुले पुरा गरेको नपाइएकोले आगामी आ.व. २०७५/०७६ बाट उक्त ईटाभट्टाहरुको नवीकरण नगर्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

साथै सो क्षेत्रहरुमा यस नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम भू-उपयोग नीति तयार गरी कार्यान्वयन गर्ने हुँदा आगामी आ.व.बाट इटाभट्टाको लागि जग्गा उपलब्ध नगराउनु भई सहयोग गरिदिनुहुन सम्पूर्ण जग्गादाताहरुमा अनुरोध गरिन्छ ।

पुनश्च : यस सुचनालाई अटेर गरी पेश्की तथा जग्गा उपलब्ध गराएमा व्यवसायी तथा जग्गादाता स्वयम् जवाफदेही हुने व्यहोरा जानकारी गराईन्छ ।

..................................

(कुमार प्रसाद कोइराला)

प्रमुख प्रशासकीय अधिकृत

कुमार प्रसाद कोइराला

प्रमुख प्रशासकीय अधिकृत